बैठक मिति : २०७७/३/११

बैठक संख्या : ३०

छलफल तथा निर्णयहरु

१. आयोगले तयार गरेको नेपालको सन् २०१९ को "दिगो विकास लक्ष्य प्रगति प्रतिवेदन" को अन्तिम मस्यौदामा प्राप्त राय/सुझावहरु समावेश गरिएको परिमार्जित प्रतिवेदन स्वीकृत गर्ने।

२. दिगो विकास लक्ष्यका सम्बन्धमा नेपालले सन् २०१९ को अन्त्यसम्ममा हासिल गरेको उपलब्धिहरु र समीक्षा सहितको "स्वेच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन (Voluntary National Review)" को अन्तिम मस्यौदामा प्राप्त राय/सुझावहरु समावेश गरिएको परिमार्जित प्रतिवेदन स्वीकृत गर्ने। उल्लिखित "स्वेच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन" संयुक्त राष्ट्रसंघ अन्तर्गतको उच्चस्तरीय राजनीतिक मञ्च, २०२० को बैठकमा प्रस्तुत गर्न स्वीकृतिका लागि सम्माननीय प्रधानमन्त्री एवम् आयोगका अध्यक्षज्यू समक्ष प्रस्तुत गर्ने।

३. "स्थानीय तहमा दिगो विकास लक्ष्य आन्तरिकीकरण सम्बन्धी स्रोत पुस्तिका" को अन्तिम मस्यौदामा प्राप्त राय/सुझावहरु समावेश गरिएको परिमार्जित मस्यौदा प्रतिवेदनलाई स्वीकृत गर्ने।

४. "राष्ट्रिय योजना आयोग र प्रदेशगत योजना आयोगबीच समन्वयको लागि तयार गरिएको अवधारणा पत्र" स्वीकृत गर्ने र उल्लिखित अवधारणापत्रका आधारमा अध्ययन, अनुसन्धान तथा तहगत समन्वय महाशाखाले आवश्यक कार्य अघि बढाउने।

५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तर्जुमा भई आयोगको सहमतिका लागि प्राप्त "पोषणमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०७७" को मस्यौदामा बैठकमा प्राप्त सुझावहरु समेत समावेश गरी सुशासन तथा सामाजिक विकास महाशाखाबाट तयार गरिएको पृष्ठपोषण सहित सहमति प्रदान गर्ने।

६. विभिन्न मन्त्रालय/निकायबाट बहुवर्षीय ठेक्का सहमतिका लागि आयोगमा प्राप्त हुन आएका आयोजना/कार्यक्रमका सम्बन्धमा आर्थिक वर्षको अन्त्य नजिकिएको अवस्थामा बहुवर्षीय ठेक्का प्रक्रियामा जाँदा लाग्ने समयलाई विचार गर्दा पनि सारभूत रुपमा यस्ता प्रकृतिका आयोजनाहरुलाई बहुवर्षीय ठेक्का पूर्वस्वीकृतिको अर्थ विचारणीय हुने भएकोले आगामी दिनमा यस्ता प्रकृतिका आयोजनाहरुमा लागु हुने गरी पूर्वस्वीकृति सहमतिको प्रक्रिया दोस्रो चौमासिक अवधि भित्रै सम्पन्न गर्ने गरी सम्बन्धित मन्त्रालय/निकायहरु लाई जानकारी गराउने।

७. नवप्रवर्तन शुरुवाती पूँजी अनुदान कार्यविधि, २०७६ को दफा ३ बमोजिम माननीय सदस्य डा. रामकुमार फुयालको संयोजकत्वमा गठित निर्देशक समितिको सचिवालय यस आयोगमा रहने व्यवस्था भएको र आगामी वर्षमा समेत यो कार्यक्रम सञ्चालन गर्नुपर्ने, कार्यक्रमको छनौट, अनुगमन, मूल्याङ्कन समेत गर्नुपर्ने भएकोले उक्त समितिको कार्यमा सहयोग गर्न सम्बन्धित महाशाखा/शाखाका कर्मचारीहरु तथा आवश्यक अन्य जनशक्ति परामर्श सेवा मार्फत लिई सचिवालयको व्यवस्थापन गर्ने।